# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ३] काठमाडौं आश्विन ११ गते २०१० साल [ संख्या १

## भाग २

## २०१० साल श्रावण १६ गतेका मन्त्रिमण्डलको निर्णयबाट करेन्सी एण्ड एक्सचेञ्ज विभाग अर्थमन्त्रालयबाट जारी भएको

## इश्तिहार

नेपाल सरहदका मोहर लगत भएका पहाड र भित्री मधेशका जिल्ला जिल्लामा रैती दुनियाँले बुझाउनुपर्ने तिरो महसूल ठेक दस्तूर गैन्ह रकम बुझ्दा लगतबमोजिम मोहरु नै बुझाउन ल्याएमा मोहरु नै बुझ्ने र मोहर बुझाउन नसक्ने रैतीदुनियाँले कंरु. बुझाउन ल्याएमा सरि दरले कंरु असूल गर्नेसमेत तपसीलबमोजिम गर्नु भन्ने उक्त जिल्ला जिल्लाका गौंडा, गढी, गोस्वारा, माल, बजार भन्सार टेलिफोन, आकाशवाणी, अमिनी, अदालत तहसील अड्डा र सरकारिया दामकाम गर्ने गैन्ह अड्डाका नाउँमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि म

२०१० साल भाद्र १० गतेमा आदेश भई गएको र हाम्रो सिक्का चलनचल्ती गर्दा रैतीदुनियाँलाई फाइदा हुने भएको समेत कुरा सबै रैतीदुनियाँलाई थाहा होस भन्ना निमित्त यो इश्तिहार जारी गरी दिएको छ।

तपसील

[१] रैती दुनियाँले सरकारमा बुझाउनुपर्ने तिरो र अरू रकमहरुसमेत कम्पनी लगत भएकोमा बाहेक मोहर लगत भएकोमा मोरु नै बुझाउन ल्याएमा मोरु नै बुझ्नुपर्छ। बुझी लिन्न भनी फर्काउन हुँदैन।

[२] मोहर बुझाउनुपर्ने रैती दुनियाँले मोहरको सट्टा कंरु बुझाउन ल्याएमा सरी-दरले कंरु बुझी लिनू।

[३] मोहर कंरु जे बुझेको छ, सोसमेत पृष्ठ खोली सिलसिलेवार नम्बरसमेत रहेको रसीद भरपाई लेखी दिने गर्नु।

[४] रैती दुनियाँले मोहरबापत सरी दरले कंरु बुझाएकोमा जिम्मावाल तालुकदार-लगायत कसैले पनि रैती दुनियाँले बुझाएको कंरु साटी मोहर बुझाउन पाउँदैन, रैती दुनियाँले जे बुझाएको छ, सोही बुझाउनुपर्छ। रैती दुनियाँसँग मोहर-बापत सरी दरमा कंरु बुझी बीचमा जिम्मावाल तालुकदारलगायत कसैले पनि बुझी लिएको कंरुको सट्टा मोहर बुझाएमा असूल भएको सरकारी धनबाट सट्टही गरी अनुचित लाभ उठाउनेलाई भइरहेको ऐन सवालबमोजिम सजाय गर्नु, गर्न लगाउनू।

इति सम्वत् २०१० साल भाद्र १२ गते रोज ६ शुभम्—— ——

आज्ञाले:—
हिमालयशमशेर
सेक्रेटरी,—अर्थमन्त्रालय.

ाधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि